# पूर्वानुमानित कर

## १. पूर्वानुमानित कर भनेको के हो ?

पूर्वानुमानित कर भनेको वार्षिक रुपमा तिर्नु पर्ने कर रकम बारे आयकर ऐनको अनुसूची १ (करको दर सम्बन्धी) अनुसार तोकिएको अवस्थामा तोकिएको एकमुष्ट रकम तिरे पुग्ने कर हो ।

यसमा निम्नानुसारका करहरु पर्दछन् ।

क) रु.२ लाख सम्म आय हुने वा रु.२० लाखसम्म कारोवार हुने, नेपालमा श्रोत भएको व्यवसायबाट मात्र आय प्राप्त हुने, औषधि उपचार खर्च वापत तथा अग्रिम कर कट्टी वापत कर मिलान गर्न दावी नगर्ने र यो व्यवस्था छनौट गर्ने बासिन्दा प्राकृतिक व्यक्तिले देहाय बमोजिम का दरले तिर्नुपर्ने कर ।

- **i**) म.न.पा. उप म.न.पा. क्षेत्रका करदाताले वार्षिक रु.५०००।-
- **ii**) नगरपालिका क्षेत्रका करदाताले वार्षिक रु.२५००।-
- **iii**) अन्य क्षेत्रका करदाताले वार्षिक रु.१५००।-

ख) व्यवसायको कारोबार बार्षिक रु. २० लाख भन्दा बढी र रु. ५० लाख रुपैयां भन्दा घटी भएका, मू.अ.करमा दर्ता नभएका, नेपालमा श्रोत भएको व्यवसायबाट मात्र आय प्राप्त भएका, औषधि उपचार खर्च वापत वा अग्रिम कर कट्टी वापत कर मिलान दावी नगरेका साथै परामर्श तथा बिषेशज्ञ सेवा बापतको आय नभएका बासिन्दा प्राकृतिक व्यक्तिले कारोबारका आधारमा तिनुपर्ने देहाय बमोजिमको रकम ।

- **i**) ग्याँस, चुरोट लगायतका तीन प्रतिशतसम्म कमिशन वा मूल्य थप गरी वस्तुको कारोबार गर्ने व्यक्तिलाई कारोबार रकमको शून्य दशमलब दुई पांच प्रतिशत
- **ii**) बुंदा **i** मा उल्लिखित व्यवसाय वाहेकको व्यवसाय गर्ने व्यक्तिको कारोबार रकमको शून्य दशमलब सात पांच प्रतिशत
- **iii**) सेवा व्यवसाय गर्ने व्यक्तिको कारोबार रकमको दुई प्रतिशत ।

ग) भाडाका सवारी साधन धनी प्राकृतिक व्यक्तिले प्रति सवारी साधनमा बुझाउनु पर्ने देहाय बमोजिमको वार्षिक कर रकम ।

- **i**) मिनिबस, मिनिट्रक, ट्रक र बस रु.३०००।-
- **ii**) कार जिप, भ्यान, माइक्रो बस रु.२४००।-
- **iii**) थ्रिह्विलर, अटो रिक्सा, टेम्पो रु.१५५०।-
- **iv**) ट्रेक्टर र पावर टिलर रु.१०००।-

## २. यो कर कसले बुझाउनु पर्दछ ?

यो कर निम्न बमोजिमका व्यक्तिहरुले बुझाउन पाउँछन् ।

- क) रु.२ लाख सम्म आय हुने वा रु.२० लाखसम्म कारोवार हुने, नेपालमा श्रोत भएको व्यवसायबाट मात्र आय प्राप्त हुने, औषधि उपचार खर्च वापत तथा अग्रिम कर कट्टी वापत कर मिलान गर्न दावी नगर्ने र यो व्यवस्था छनौट गर्ने बासिन्दा प्राकृतिक व्यक्ति ।
- ख) व्यवसायको कारोबार बार्षिक रु. २० लाख भन्दा बढी र रु. ५० लाख रुपैयां भन्दा घटी भएका, मू.अ.करमा दर्ता नभएका, नेपालमा श्रोत भएको व्यवसायबाट मात्र आय प्राप्त भएका, औषधि उपचार खर्च वापत वा अग्रिम कर कट्टी वापत कर मिलान दावी नगरेका साथै परामर्श तथा बिषेशज्ञ सेवा बापतको आय नभएका बासिन्दा प्राकृतिक
- ग) भाडाका सवारी साधन धनी प्राकृतिक व्यक्ति ।

## ३. यो कर कहाँ बुझाउनु पर्छ ?

पूर्वानुमानित करको रकम नजिकको (सम्बन्धित) आ.रा.का. तथा करदाता सेवा कार्यालयहरुमा. र भाडाको सवारी साधनको हकमा यातायात व्यवस्था कार्यालयमा बुझाउनु पर्दछ । नगद रकम बैंक दाखिला गरी भौचर सहित सरलिकृत आय विवरण सम्बन्धित आ.रा.का. तथा करदाता सेवा कार्यालयहरुमा. बुझाउनु पर्दछ । बिद्युतीय माध्यमबाट पनि बिभागको **www.ird.gov.np** मा गई **Tax Payer portal** मा गएर **online** को माध्यमवाट आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुमा नगई बिबरण दाखिला गर्न सकिन्छ ।

## ४. पूर्वानुमानित कर अरुले बुझाइ दिन मिल्छ, मिल्दैन ?

जो सुकैले करदाताको तर्फबाट करको रकम बैंकमा दाखिला गर्न सक्दछ तर आय विवरणमा करदाता आफैंले वा अधिकृत वारेसले दस्तखत गरी विवरण बुझाउनु पर्दछ ।

## ५. पूर्वानुमानित कर बुझाउदा आय विवरण बुझाउनु पर्छ पर्दैन ?

पूर्वानुमानित कर बुझाउँदा सरलीकृत ढांचाको (डे.१) आय विवरण भरी सम्बन्धित आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुमा बुझाउनु पर्दछ ।

## ६. पूर्वानुमानित कर कहिले बुझाउनु पर्दछ ?

आय विवरण बुझाउन आयकर ऐनले निर्धारण गरेको म्याद अर्थात् गत आ.व.को कर रकम चालु आ.ब.को आश्विन मसान्तभित्र बुझाउनु पर्दछ ।

## ७. पूर्वानुमानित कर बुझाए पछि के निस्सा/प्रमाण पाइन्छ ?

पूर्वानुमानित कर बुझाएपछि र सोको जानकारी सहितको आय विवरण दाखिला गरेपछि सम्बन्धित आ.रा.का. तथा करदाता सेवा कार्यालयहरुबाट विवरण दाखिला गरेको प्रमाण प्राप्त

गर्न सकिन्छ । बिद्युतीय माध्यमबाट बिबरण दाखिला गर्नेको हकमा बिबरण सबमिशन गरी भेरिफाई भए पछि कम्प्युटर प्रणालीवाट प्राप्त निस्सा नै विवरण दाखिलाको प्रमाण हो ।

**८. पूर्वानुमानित कर ढीला बुझाएमा के हुन्छ ?**

पूर्वानुमानित कर ढीला बुझाएमा विवरण ढिला बुझाए वापत शुल्क र कर ढिला बुझाए वापत ब्याज लाग्दछ ।

**९. एउटा कार्यालयमा दर्ता भएको व्यवसायीले अर्को कार्यालयमा पूर्वानुमानित कर बुझाउन पाइन्छ पाइदैन ?**

पाइदैन । कर रकम सम्बन्धित राजस्व शीर्षकमा  सम्बन्धित बैंकमा बुझाए पछि सोको भौचर सहितको आय विवरण आफुले **PAN** लिएको सम्बन्धित आ.रा.का. तथा करदाता सेवा कार्यालयहरुमा  दाखिला गर्नुपर्दछ ।

**११. पूर्वानुमानित कर बुझाउनेले औषधी उपचार खर्च वापत वा अग्रिम कर कट्टी वापत कर मिलान गर्न दावी गर्न सक्दछ कि सक्दैन ?**

पूर्वानुमानित कर बुझाउने बासिन्दा प्राकृतिक व्यक्तिले औषधि उपचार खर्च वापत वा अग्रिम कर कट्टी वापत कर मिलान गर्न दावी गर्न पाउँदैन ।

**१२. व्यवसाय बाहेक अरु श्रोतको पनि आय भए के गर्नु पर्दछ ?**

व्यवसाय बाहेक अरु श्रोतको पनि आय भएमा पूर्वानुमानित कर तिर्न पाईंदैन र स्वयंकर निर्धारण गरी करको सामान्य दरले गणना गरी आय विवरण बुझाउने र कर दाखिला गर्नु पर्दछ । गैर बासिन्दा व्यक्तिले व्यवसायको मात्र आय भए पनि पूर्वानुमानित कर तिर्न पाउँदैन र सामान्य दरले कर तिर्नु पर्दछ । यसैगरी पूर्वानुमानित कर तिर्न पाउने सुविधा बासिन्दा प्राकृतिक व्यक्तिलाई मात्र प्राप्त छ, साझेदारी फर्म वा कम्पनी वा अन्य निकायले पूर्वानुमानति कर तिर्न पाउँदैनन् ।

**१३. भाडाको सवारी साधन धनीले बुझाएको आयकर रकम अन्तिम कर मानिन्छ ?**

प्राकृतिक व्यक्तिका लागि यस्तो कर रकम अन्तिम मानिन्छ तर कम्पनी लगायत निकायका भाडाका सवारी साधनका हकमा यो कर बुझाउन अनिवार्य भए पनि यो अन्तिम कर होइन र आय विवरणमा स्वयं कर निर्धारण गरी कर दाखिला गर्नु पर्दछ । यसरी कर दाखिला गर्दा सवारी साधन पिच्छे तिरेको कर रकम मिलान भने गर्न पाइन्छ ।

**१४. भाडाको सावरी साधन धनी कम्पनी भएमा सवारी साधन पिच्छे लाग्ने कर तिर्नु पर्दछ कि पर्दैन यसरी कर तिर्नु पर्‍यो भने यस्तो कर रकम वार्षिक कर दायित्वमा मिलान गर्न पाइन्छ कि पाइदैन ?**

कम्पनी भाडाको सवारी साधन धनी भए पनि प्रति सवारी साधन लाग्ने कर तिर्नु पर्दछ । तर यो अन्तिम कर नभई अग्रीम कर कट्टी भएकोले वार्षिक कर दायित्वमा मिलान गर्न पाईन्छ ।

**१५ . पूर्वानुमानित कर विवरण Online बाट कसरी भर्न सकिन्छ ?**

**<u>पूर्वानुमानित कर विवरण ( Presumptive Income tax D01)  बुझाउने तरीका</u>**

- **Mozilla Firefox** वेव ब्राउजर प्रयोग गरी **www.ird.gov.np** पेजलोड गर्नुहोस ।

- होमपेजमा भएको **taxpayer portal** मा क्लिक गर्नुहोस ।
- तत् पश्चात प्राप्त हुने **screen** मा **Income Tax Folder** लाई छनौट गर्नुहोस ।
- तत् पश्चात **D01-Return Entry** मेनुमा क्लिक गर्नुहोस ।
- पूर्वानुमानित करको विवरण दाखिला गर्ने **Submission No** प्राप्त गर्न आवश्यकता अनुसारको बक्समा युजरनेम, पासवर्ड, स्थायी लेखा नं. आर्थिक वर्ष ( आय वर्ष समाप्त भएपछि सो वर्षको आयविवरण दाखिला गर्नुपर्ने हुदा आर्थिक वर्ष छनौट गर्दा जहिले पनि गत विगतका वर्ष छनौट गर्ने) सम्पर्क न टाइप गरी **Register Button** मा क्लिक गर्नुहोस ।
- तपाईलाई **Submission No** प्राप्त भएको जानकारी प्राप्त हुने छ । अब **ProceedButton** मा क्लिक गरी आवश्यकता अनुसारको कारोबार विवरण र राजश्व दाखिला विवरण प्रविष्टि गरी **Save button** मा क्लिक गर्नुहोस ।
- यसरी **Save** भएको विवरण हेरफेर गर्नुपर्ने भएमा **Income TaxFolder** मा भएको**TAXReturn Login** मेनुमा क्लिक गरी **Submission No** तथा **Submission no** लिदा प्रयोग गरेको **Username** र **Password type** गरी **Login** गरेर विवरणलाई पूर्ण बनाउनुहोस ।
- आफूले प्रविष्टि**(Entry)** गरेका विवरणहरु सबैरुजु गरी ठीक भएमा **Submit Button** मा क्लिक गरी विवरण **Submit** भएको जानकारी प्राप्त गर्नुहोस ।
- यसरी विवरण **Submit** भै सकेपछि त्यस पेजमा भएको **Save** र **Submit Button Disable** भै **Print Button** मात्र **Enable** हुन्छ ।
- अब **Print Button** मा क्लिक गरी विवरणहरु प्रिन्ट गरेर सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा गएर विवरण **Verify** गर्नुहोस वा आफैले **verify** गर्ने **Username / Password** प्राप्त गर्नु भएको छ भने आफै **verify** गर्नुहोस् ।
- तपाईले पेश गर्न चाहनु भएको विवरण **verify** नभएसम्म विवरण पेश भएको मान्य हुदैन । अतः आफुले पेश गरेको विवरण तोकिएको समयमा नै सम्बन्धित कार्यालयमा गएर **verify** गराउनुहोस् वा आफैले **verify** गर्ने **Username / Password** प्राप्त गर्नु भएको छ भने आफै **verify** गर्नुहोस् ।

**यदि तपाईंलाई सहयोगको आबश्यकता भएमा Help मेनुमा गई सहयोग लिन सकिन्छ ।**